मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

सूचना

हाम्रो चाहना
लागूऔषधरहीत,
स्वस्थ र सुखी
जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : १३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख ४ गते बिहीवार (Thursday, April 16. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

### जहाँ बन्दैछ

## कोरोनाविरुद्ध लड्ने हतियार



**काठमाडौं, बैशाख ३।** त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस परिसरमा पछिल्ला दिनमा मानिसको आवतजावत बढिरहेको छ । दैनिक नै एक दर्जन बढी एम्बुलेन्स त्यहाँ पुग्छन् ।

केही समय बस्छन् र लगत्तै फर्कन्छन् । कहिले नेपाली सेनाका सवारी पुग्छन् त कहिले सशस्त्र प्रहरी बलका । कहिले नेपाल प्रहरीका सवारी हान्निँदै पुग्छन् । वीर अस्पताल, शिक्षण अस्पतालका एम्बुलेन्स पनि उत्तिकै पुग्छन् । एम्बुलेन्स किन गएका होलान् भनेर जिज्ञासा पनि आमरुपमा उत्पन्न हुनसक्छ । विश्व स्वास्थ्य सङ्गठन र सरकारले तय गरेको मापदण्डविपरीत गएर भने विश्वविद्यालय परिसरमा कुनै भीडभाड गरिएको छैन । आखिर के छ त ? विश्वविद्यालय परिसरमा ।

जवाफ सहज छ- राष्ट्रिय आविष्कार केन्द्र । नेपालको ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा पुऱ्याउनेलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाएका महावीर पुनले विश्वविद्यालय परिसरमा नै केन्द्र स्थापना गरेका छन् । केन्द्रमा आजकल दैनिक २० जना दिनरात नभनी काम गरिरहेका छन् । केन्द्रका प्रमुख पुन पोखरामा छन् तर उनी पोखरामा रहेको भान कोही कसैलाई पनि छैन । केन्द्रमा भइरहेको काम कारवाहीको बारेमा उनले श्रव्यदृश्य माध्यमबाट निगरानी मात्रै गर्दैनन्, निर्देशनसमेत दिन्छन् । तिमी केटाहरुले सङ्कटको समयमा पार लगाउन सक्छौं, कि सक्दैनौं, नेतृत्व क्षमता देखाउन सक्छौं, कि सक्दैनौं भनेर जिम्मा नै दिनुभएको छ पुन सरले, आविष्कार केन्द्रमा संयोजन गरिरहेका इन्जिनियर - शङ्कर ढकालले भने ।

कोरोनाको संक्रमणबाट जोगाउने लक्ष्यका साथ राष्ट्रिय आविष्कार केन्द्रमा महत्वपूर्ण काम भइरहेको छ । विश्वव्यापी रुपमा नै कोरोनाको महामारी बढ्दै गएको बेला स्वास्थ्यकर्मीलाई अत्यावश्यक पर्ने व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) उत्पादन गरिरहेको छ केन्द्रले । पीपीई मिलाउने र पट्याउने काममा विगत १० दिनदेखि खटिइरहेका पर्वतका अमबहादुर रोकालाई पनि सङ्कटको समयमा दिनरात नभनी काम गर्दा पनि थकाइको महशुस भएको छैन ।

कोभिड-१९ लागेका मानिसका लागि खाना औषधि पुऱ्याउन रोबर्ट बन्दैछ । सो कार्यका लागि इन्जिनियर सुरज कार्की, किरण रौनियार, रिकेश देव, राम चौधरीलगायत छ जनाको समूहले काम गरिरहेको छ । फ्याकिएका ट्रलीको सदुपयोग गरिएको छ । बाहिरबाट मालसामान ल्याउनुपर्ने बाध्यता पनि छैन । फ्याकिएका सामान नै प्रयोग गरेर रोबर्ट तयार हुँदैछ । सोमबार डेमो गरिसकिएको छ । 'स्वचालित बनाउनका लागि आवश्यक प्रणाली जडान हुँदैछ, अब केही दिनमा तयार पार्छौं, यसले बिरामी जहाँ हुन्छ त्यहाँ खाना र औषधि लिएर जान्छ, मानिस गइरहनुपर्ने आवश्यकता हुँदैन'- ढकालले भने ।

रोबर्ट अबको तीन दिनमा तयार हुनेछ । सशस्त्र प्रहरी बलको बलम्बुस्थित अस्पतालमा विभिन्न तीन तल्लामा कोरोनाका बिरामी उपचार गर्ने स्थान बन्दैछ । आईसीयू तयार हुँदैछ । वीरेन्द्र सैनिक अस्पताल, टेकु अस्पताल सबै क्षेत्रमा १५ देखि २० वटा रोबर्ट तत्कालै आवश्यक परेको छ । माग पनि उत्तिकै आइरहेको छ, केन्द्रलाई । कोरोनाको उपचार गराइरहेका बिरामी र चिकित्सकबीच कुनै पनि समयमा प्रत्यक्ष सम्पर्क नहोस्, खाना तथा औषधि पुऱ्याउनसमेत सहज होओस् भनेर नै रोबर्ट तयार पारिएको इन्जिनियर कार्कीले बताए ।

**सब्जी कोठी**

इन्जिनियर गौरव दासको चटारो पनि उस्तै छ । दासलगायतको समूहले सब्जी कोठी बनाइरहेको छ । किसानले तरकारी १०देखि ४० दिनसम्म जस्ताको तस्तै राख्न सक्छन् कोठीमा । गाडीबाट घरघरमा पुऱ्याएर बिक्री गर्न समेत सकिन्छ । त्यसमा डिस इन्फेक्सन च्याम्बर राखिएको छ । त्यसले जुनसुकै भाइसर पनि मारिदिनसक्छ । त्यसभित्र एक प्रकारको कृत्रिम ओजन तह बनाइएको छ ।

योसँगै गौरवकै नेतृत्वमा पीपीई, ग्लोब्स, मास्क डिसइन्फेक्सन गर्ने यन्त्रको आविष्कार गरिरहेको छ । काम अन्तिम चरणमा रहेको छ । एक प्रकारको अल्ट्रा भाइलेट रे युक्त (यूभी) बनाइँदैछ । त्यो झण्डै ओभन जस्तै हुन्छ । केही दिनमा तयार हुँदैछ- दासले भने । त्यसभित्र एक प्रकारको बक्सा हुन्छ । त्यहाँ राखेपछि एकपटक प्रयोग गरिएका सामान फेरि प्रयोग गर्न सकिने गरी भाइरसरहित बनाइन्छ । व्यक्तिगत स्वास्थ्य एवम् सुरक्षात्मक सामग्रीको अभाव भइरहेको बेलामा निर्मलीकरण गरेर पनि प्रयोग गर्नसक्ने ओभन जस्तै यूभी बनाउन लागिएको दासले जानकारी दिए ।

जनकपुर निवासी २६ वर्षका गौरव मेकानिकल इन्जिनियर तथा जुनियर वैज्ञानिक पनि हुन् । दुई वटा शोधको त उनीसँग 'प्याटेन्ट राइट' नै छ । सब्जी कोठी र दर्जी उनको प्याटेन्ट राइट भएका अविष्कार हुन् । दास थापाथली इन्जिनियरिङ अध्ययन संस्थानका विद्यार्थी हुन् ।

**स्यानिटाइजिङ टनेल**

स्यानिटाइजिङ टनेल पनि गौरव कै नेतृत्वमा बनिरहेको छ । के छ त यसको विशेषता ? हाम्रो प्रश्न थियो, दासलाई । बिरामी, स्वास्थ्यकर्मी वा अन्य कर्मचारीले आवतजावत गर्दा, बाहिर गएर आउँदा त्यो टनेलले पूरै शरीर 'स्यानिटाइज' गर्छ । त्यस्तै खालको टनेल टेकु अस्पतालमा जडान गरिएको छ ।

त्यो आयातित हो । दासको समूहले फालिएका र काम नलाग्ने सामग्रीबाटै टनेल बनाइएको हो । सो मेसिनले हातमा स्यानिटाइजर गरे झैं पूरै यसबाट शरीरलाई स्यानिटाइज गर्न सकिन्छ । जसले गर्दा एक मानिसबाट अर्को मानिसमा भाइरस सर्न पाउँदैन । मेसिनले नै शरीरमा एकैचोटी स्यानिटाइज गर्ने प्रविधि यसमा जडान गरिएको छ ।

**एम्बु ब्याग**

आविष्कार केन्द्रमा निर्माण भइरहेको अर्को सामग्री हो एम्बु ब्याग । अहिले पनि कतिपय ठाउँमा अक्सिजन दिँदा म्यानुअल पम्पिङ गर्ने गरिन्छ । अस्पतालमा अब यो तयार भएपछि मेसिनले अटोमेटिक रुपमा पम्प गर्छ । भेन्टिलेटरमा यो खालको मेसिन राख्दा झनै प्रभावकारी हुन्छ । अस्पतालमा वा एक ठाउँबाट अर्को ठाँउमा बिरामी लैजाँदा एम्बु ब्यागले ठूलो काम गर्छ । गम्भीर बिरामीलाई अक्सिजन पम्पिङ गर्दा हात प्रयोग गर्नु पर्दैन । सिँधै मेसिनले गर्न मिल्ने गरी यो बनाउन लागिएको हो । हाल त्यस्तो खालको ब्याग देशभरी जम्मा ५०० मात्रै होला भन्ने ढकालको दाबी छ ।

**एरोसल बक्स**

कोरोनाको शंका लागेका बिरामीको स्वाब परीक्षणका क्रममा सबैभन्दा बढी संक्रमणको जोखिममा चिकित्सक नै हुन्छ । उपचारका क्रममा बिरामीले वाक्वाक गर्छ, ह्याच्छयूँ गर्छ, त्यसबेला त्यो थुक चिकित्सक नर्ससम्म आउन नदिनका लागि नयाँ बाकस आविष्कार गरिएको ढकाल बताउँछन् । जसको नाम 'एरोसल बक्स' राखिएको छ । एउटा बाकसमा सिसा लगाइएको हुन्छ । हात छिर्न मिल्ने गरी दुई वटा प्वाल बनाइएको छ । बिरामी बेडमा रहेको बेलामा आवश्यक परीक्षण र उपचारका क्रममा यो बक्स प्रयोग गरिन्छ । विभिन्न अस्पतालबाट यसको माग भइरहेको छ । चितवनको कलेज अफ मेडिकल साइन्सेज र शिक्षण अस्पतालबाट समेत माग आइसकेको छ ।

**पीपीई बुथ**

केन्द्रले तयार पारेको अर्को आविष्कार हो, पीपीई बुथ । कोरोनाभाइरस स्याम्पल कलेक्सन बुथ (पीपीई बुथ)को रुममा पनि त्यसलाई लिन सकिन्छ । यो एउटा ठूलो बक्सा हो । बक्साभित्र चिकित्सक बस्छन् । बक्साको एक भागमा सिसा राखिएको हुन्छ । सिसामा दुई वटा हात छिराउन मिल्ने प्वाल राखिएको छ । रबर पञ्जामा पीपीईको कपडा जोडेर बनाइएको नयाँ पञ्जा त्यस प्वालमा जोडिन्छ । त्योभन्दा बाहिर प्लाष्टिकको नयाँ पञ्जा प्रयोग हुन्छ । हात छिराएर पञ्जामार्फत चिकित्सकले बिरामीको आवश्यक परीक्षण गर्नसक्छन् । यसरी परीक्षण गर्दा सिसाबाट भाइरसभित्र छिर्न पाउँदैन ताकी चिकित्सकसम्म भाइरस जान पाँदैन र सर्ने सम्भावना कम हुन्छ । विश्वमा चिकित्सक तथा स्वास्थ्यकर्मीलाई रोग सरेको र कयौँको मृत्युसमेत भइसकेको अवस्थामा यसले रोग सर्नबाट रोक्नसक्ने गरी प्रविधिको विकास गरिएको ढकालको भनाइ छ । उक्त बुथको अर्को साइटमा छ मिटर लामो पाइप राखेर उपयुक्त फ्यान राखिएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## नयाँ बर्ष मनाएर फर्कदा सामुहिक करणी

**काठमाडौ, बैशाख ३।** कैलालीको गौरीगंगा नगरपालिका-१ खुरखुरीया नजिकै एक १७ वर्षीया किशोरीमाथि सामूहिक जबरजस्ती करणी गरेको आरोपमा चार युवकलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

नगरपालिका-४का २० वर्षीय नरेश नेपाली, २१ वर्षीय अर्जुन सावद, २० वर्षीय निर्मल चौधरी र २४ वर्षीय नरेश भट्टलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायव उपरीक्षक दक्षकुमार बस्नेतले जानकारी दिए ।

उनका अनुसार पीडित किशोरी सोही नगरपालिका-१ स्थित चनौरामा रहेको आफन्तको घरमा यही वैशाख १ गते भेटघाट गर्न गएकी र मंगलबार बिहान आफ्नो घर धनगढीतर्फ फर्किने क्रममा खुरखुरीया नजिकै पुग्दा मोटरसाइकलमा आएका चार जनाको समूहले करणी गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

उक्त समूहले धारिलो हतियार देखाई पीडितसँगै रहेका तीन जनालाई कुटपिटसमेत गरी पीडितलाई त्यहाँबाट झण्डै एक सय मिटर टाढा एकान्त स्थानमा लगी जबरजस्ती करणी गरेको बताइएको छ । प्रहरीले घटनामा प्रयोग भएको धारिलो हतियार हँसिया र मोटरसाइकल बरामद गरी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## तास खेल्ने नौ जना पक्राउ

**उदयपुर, बैशाख ३।** उदयपुरको दुई छुट्टाछुट्टै स्थानबाट तास खेलिरहेका ९ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बेलका नगरपालिकाको वडा नम्बर ३ र वडा नम्बर २मा तास खेलिरहेको भन्ने सूचना अनुसार इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरी टोलीले तास र नगदसहित पक्राउ गरेको हो । वडा नम्बर ३का रामबहादुर माझीको घरमा तास खेलिरहेका घरधनीसहित स्थानीय ३७ बर्षीय दीपक माझी, २४ बर्षीय जसबहादुर माझी, ३० बर्षीय कर्साङ लामा र ३२ बर्षीय राजन माझीलाई नियन्त्रणमा लिएको हो । उनीहरुको साथबाट नगद ४ हजार २ सय २० रुपैयाँ र ३ बुङ तास समेत बरामद गरेको थियो ।

यसैगरी वडा नम्बर २का ३० बर्षीय सूर्यबहादुर बस्नेतको घरमा तास खेलिरहेका घरधनीसहित स्थानीय ३१ बर्षीय सम्राट राई, ५० बर्षीय सिताराम बस्नेत र बराहक्षेत्र नगरपालिका-९ का ४८ बर्षीय गणेश मगरलाई नियन्त्रणमा लिएको हो । उनीहरुको साथबाट तीन हजार २ सय ९५ रुपैयाँ नगद र १ बुङ तास बरामद भएको थियो ।

## आफैलाई आगो लगाउँदा...

**सुनसरी, बैशाख ३।** सुनसरीको बर्जु गाउँपालिका-५ लप्टोलियाकी ३२ बर्षीया धनमाया भट्टराईले आफ्नै शरीरमा आगो लगाउँदा घाईते भएकी छन् ।

सामान्य घरायसी बादबिबाद हुँदा आवेशमा आएर आफ्नै शरीरमा मट्टितेल खन्याई आगो लगाउँदा उनी घाइते भएकी हुन् । घाइतेलाई उपचारको लागी कोशी अस्पताल बिराटनगर लगिएको छ भने अन्य थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय सितागञ्जले जनाएको छ ।

## पहाडमा त्राससँगै खाद्यान्न जोहोको चिन्ता

**युद्धबहादुर बोहोरा**

**इलाम, बैशाख ३।** दिनहुँ तीव्र गतिमा नेपालमा देखिन थालेको कोरोना संक्रमित तथ्यांकले हरेक नेपालीमा डर त्रास बढेसँगै खाद्यान्न सामग्रीको आभाव हुने शंका बढ्न थालेको छ ।

नेपाल कृषिप्रधान देश भएर पनि अधिकांश पहाडका मानिसको वर्षभरि पुग्ने खाद्यान्न भने किनेकै भरमा गुजार्नु परेको कृषकहरु बताउँछन् । खेतीयोग्य जमिनको अभाव र मेहनत अनुसारको उत्पादन नहुनु पनि पहाडका बासिन्दाको पीडा छ भने अर्कोतर्फ उनीहरुले उब्जाएको कृषिजन्य सामग्रीहरु बिक्री गरेर खाद्यान्न समस्या टार्ने बानी बसिसकेको छ ।

मकै, धान, कोदो, फापर, तोरी, गहुँ जस्ता अन्न उत्पादन गर्ने भन्दा पनि पहाडका किसानले अलैंची, अदुवा, लसुन, चिया, दूध, लोक्ता सुन्तला, कागती, जडीबुटी तथा काठ (गोलिया)को निर्यातलाई प्रमुख आयस्रोतको माध्यम बनाएका छन् ।

विश्व महामारीले बन्दबन्दी शुरु भएपछि पहाडी क्षेत्रमा उत्पादन हुने सामान बिक्री ठप्प भएको र किनेर खाने सामाग्री पनि असहज बन्न थालेपछि आफ्नो परिवारलाई चाहिने खाद्य सामान जोहो गर्न चिन्तित बन्न थालेका छन् ।

सुरक्षाका दृष्टिकोणले शहरमा बस्ने हरेक परिवारका मानिस गाउँ भित्रिएपछि अहिले हरेक घरमा परिवार संख्यावृद्धि भएको छ, त्यसैले पहिला भन्दा अबको दिनमा खाद्यान्न बढी आवश्यक पर्ने बताउँछन् इलाम फाकफोकथुम-१, खाम्बाङ्ग निवासी स्थानीय थिरबहादुर बोहोरा । उनी भन्छन्- महामारी ठेगान नलागुञ्जेल अनिश्चितकालीन लकडाउन बाहेकको विकल्प केहि छैन, जेठ महिनादेखि वर्षात् शुरु भएपछि ढुवानी समस्या हुने हुँदा दुई/तीन महिनालाई पुग्ने सामान त जोहो गर्नै पऱ्यो नि ।

मानिसले खाने मकै, कोदो, गहुँबाट कतिपय ग्रामीण क्षेत्रमा घरेलु मदिरा उत्पादन गर्ने गर्दछन् । खाद्यान्न संकट आएमा किसानले उत्पादन गरेको यस्ता सामग्री सुरक्षित गरि प्रयोग गर्न सकिने हुँदा दुरुपयोग नगर्न जनहितमा सूचना जारी गर्दै यस्तो कार्यमा



संलग्नलाई स्थानीय सरकारले नियन्त्रण गर्न थालेको छ । सरकारले लागू गरेको नियम र सचेतना पालना गर्दा आफू पनि बाँच्ने र अरुलाई पनि बचाउने मानवीय व्यवहारतर्फ ग्रामीण भेगका मानिस सजग रहेको उनीहरु बताउँछन् ।

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# राप्रपा नेता तथा व्यवसायी ओडारीको निधन



**बिर्तामोड, वैशाख ३।** झापाका अगुवा राजनीतिज्ञ, यातायात तथा पेट्रोलियम व्यवसायी लक्ष्मीप्रसाद ओडारीको ८१ वर्षको उमेरमा मंगलवार निधन भएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका संस्थापक मध्येका एक ओडारी लामो समयदेखि मधुमेह र उच्च रक्तचापको समस्याबाट पीडित थिए। उनी राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका पूर्वअध्यक्ष, जिल्ला पञ्चायत झापाका कार्यवाहक सभापति, सतासी गाउँ पञ्चायतका उपप्रधानपञ्च, लक्ष्मी आयल्स पम्पका सञ्चालक, आरती बुद्ध बस सेवाका सञ्चालक, कनकाई यातायात संघका सल्लाहकार, ओडारी वन्धु सेवा समाजका सल्लाहकार, ध्रुवतारा आवासीय मावि, दूधेका संस्थापक लगायत विभिन्न संघ-संस्थामा आवद्ध थिए।

बिर्तामोड-१मा खाद्यसंस्थान पूर्व निवासी ओडारीको श्रीमतीको १८ वर्षअघि निधन भइसकेको बताइएको छ। उनका पाँच जना छोरावुहारीहरु केदारनाथ-रुपा, भोला-रश्मी, दिपेन्द्र-चण्डिका, दिलीप- सुजाता, टीका-कल्पना ओडारी रहेका छन्। त्यस्तै दुई जना छोरी ज्वाईंहरु रमा-विनेश रिजाल, निर्मला-सरोज कँडेल रहेका छन्। त्यस्तै १० जना नातिनातिनी र २ जना पनातिपनातिनी रहेका छन्। उनका छोराहरुमध्ये केदारनाथ यातायात व्यवसायी हुन् भने भोला स्वामी आनन्द अरहत नामले परिचित छन्। उनी ओशो तपोवनमा ओशो ध्यान प्रचारक समेत रहेका छन्।

त्यस्तै उनका छोरामध्ये टीका इलामस्थित कन्याम इन होटलका सञ्चालक हुन् भने उनी होटल व्यवसायी संघ इलामका पूर्वअध्यक्ष समेत हुन्। स्व. ओडारीको बुधवार जातिय परम्परा अनुसार कनकाई आर्यघाटमा दाहसंस्कार गरिएको उनका भाइ भरत ओडारीले जानकारी दिए।

रोचक प्रसंग

# डर देखाउन भूत परिचालन



**इण्डोनेशिया, वैशाख ३।** इण्डोनेशियाको एउटा गाउँमा कोरोनाभाइरस नियन्त्रणका लागि मानिसहरू घरभित्रै बसून् र बाहिर निस्किनुपर्दा एकअर्काबीच दूरी कायम राखून् भन्ने उद्देश्यले भूतको भेषमा स्वयम्सेवकहरू परिचालित भएका छन्।

गत महिनादेखि जाभा द्वीपको केपु गाउँमा ती स्वयम्सेवकहरू गस्ती गर्न राति सडकमा निस्किन थालेका हुन्। इण्डोनेशियाको लोककथामा मृत्यु भएका मानिसको आत्माले मुक्ति पाएन भने 'पोकोङ' बन्ने उल्लेख छ। पोकोङहरू डरलाग्दा हुन्छन्। स्वयम्सेवकहरूले त्यस्तै भेषधारण गरेका हुन्।

इन्डोनेशियामा झण्डै ४,५०० जनामा कोरोनाभाइरस सङ्क्रमण भएको पुष्टि भएको छ। तीमध्ये चार सय जनाको मृत्यु भएको जोन्स हप्किन्स यूनिभर्सिटीको तथ्याङ्कले देखाउँछ। तर, विज्ञहरूले देशभरि संक्रमण नराम्ररी फैलिएको हुन सक्ने आशङ्का व्यक्त गरेका छन्।

गाउँलेहरूका अनुसार स्वयम्सेवकहरूले गस्ती गर्न थालेपछि अवस्थामा सुधार आयो। पोकोङ देखिन थालेपछि अभिभावक र बालबालिकाहरू घरबाट बाहिर निस्किएका छैनन्- कर्नो सुपद्योले रोएटर्ससँग भने। अनि मानिसहरू सन्ध्याकालीन प्रार्थनापछि बाटोमा भेला हुने वा बसिरहने गर्दैनन्।

पोकोङको भेषमा स्वयम्सेवकहरूलाई देखेपछि कोरोनाभाइरस कति घातक हुन सक्छ भन्ने गाउँलेहरूले बुझेको र त्यो अभियान प्रभावकारी भएको स्थानीय मस्जिदका रक्षक अन्जर पान्काले 'जाकार्ता पोस्ट' पत्रिकालाई बताए।

गाउँले युवाहरूको समूहका प्रमुखको अगुवाइमा स्थानीय प्रहरीसँग सहकार्य गरेर उक्त अभियान थालिएको हो। हामी अरूभन्दा फरक हुन चाहन्थ्यौं। अनि पोकोङहरू डरलाग्दा देखिने भएकाले तिनबाट (गाउँलेहरू) हतोत्साह होऊन् भन्ने चाहन्थ्यौं- युवा समूहका प्रमुख अन्जर पन्कानिङ्त्यासले रोएटर्ससँग भने।

पोकोङको गतिविधि नियाल्न केपु गाउँको भ्रमण गरेका समाचारसंस्था रोएटर्सका कर्मचारीका अनुसार भूतको भेषमा स्वयम्सेवक परिचालन गर्दा शुरु-शुरुमा गाउँलेहरू तिनलाई हेर्न बाहिर आए। त्यसबाट तत्कालै सोचे जस्तो परिणाम आएन।

इन्डोनेशियामा तत्काल कडा प्रतिबन्धात्मक उपाय अवलम्बन नगरिए देशको स्वास्थ्यसेवा प्रणालीले कोरोनाभाइरस महामारीको प्रकोप थेग्न नसक्ने त्रास उत्पन्न भएको छ। तर अहिलेसम्म राष्ट्रपतिले राष्ट्रव्यापी लकडाउन घोषणा गरेका छैनन्। कोभिड-१९ फैलिन नदिने उपायबारे गाउँलेहरूमा अझै चेतना छैन- केपु गाउँका प्रमुखले रोएटर्सलाई बताए।

उनीहरू सामान्य अवस्थामा बस्न चाहन्छन्। त्यसैले घरमै बस्न दिइएको निर्देशन पालना गर्न उनीहरूलाई कठिन हुन्छ।

# पौडी खेल्न गएका देव घर फर्केनन्

**धनकुटा, बैशाख ३।** तमोर नदीले बगाएर बेपत्ता भएका धनकुटाको साँगुरीगढी गाउँपालिका-८का ६० बर्षीय देवकुमार राई चार दिनपछि मृत फेला परेका छन्।

गत चैत्र २८ गते अन्य साथीहरुसँगै पौडी खेल्न भनी तमोर नदीमा गएकोमा पौडी खेल्ने क्रममा अचानक नदीले बगाई बेपत्ता भएका राईलाई खोजतलास गर्ने क्रममा बगाएको ठाउँदेखि करिव १०० मिटर तल मृत फेला पारेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ।

# गोरु काट्दाकाट्दै पक्राउ

**खोटाङ, बैशाख ३।** खोटाङको साकेला गाउँपालिका-३मा गोरु काटिरहेका दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

गाउँपालिकाको सौरे भन्ने स्थानमा गोरु काटिरहेको भन्ने सूचना पाएसँगै इलाका प्रहरी कार्यालय मात्तिमबिर्ताबाट खटिएको प्रहरी टोलीले स्थानीय ५५ बर्षीय बुद्धिमान तामाङ र १३ बर्षीय एक बालकलाई नियन्त्रणमा लिएको हो। पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको तथा संग्लग्न अन्यको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ।

# प्रेमिका भेट्न जाँदा जेल

**अष्ट्रेलिया, बैशाख ३।** अष्ट्रेलियाले क्वारेन्टाइन उल्लंघन गरेको भन्दै एक पुरूषलाई जेल सजाय दिएको छ।

पर्थमा बस्ने ३५ वर्षका जोनाथन डेभिड नाम गरेका ती पुरुषले १४ दिन अनिवार्य क्वारेन्टाइन बस्नुपर्ने नियमको पालना नगरी प्रेमिका भेट्न तथा खाना लिन अप्रिल ४ र ५मा बाहिर निस्किएपछि उनलाई जेल पठाइएको हो।

पर्थको मेजिस्ट्रेट अदालतले उनलाई आपत्कालीन व्यवस्थापन ऐन अन्तर्गत कारवाही गरेको छ। यो कारवाही पर्ने उनी पहिलो अष्ट्रेलियन नागरिक हुन्। उनी मार्च २७ मा भिक्टोरियाबाट पर्थ आएका थिए। त्यसपछि उनलाई त्यहाँको एक होटलमा १४ दिनको अनिवार्य क्वारेन्टाइनमा पठाइएको थियो।

यसक्रममा होटलका कर्मचारीले उनले चार दिनको अवधिमा पाँचपटक बाहिर गएको भेट्टाएपछि प्रहरीलाई खबर गरेका थिए। यसक्रममा उनले प्रहरीसँगको बयानमा रेल चढेर प्रेमिका भेट्न गएको बताएका थिए। अदालतले बुधबार डेभिडलाई 'स्वार्थी' भन्दै दुई हजार अस्ट्रेलियन डलर जरिवाना तिराउनेसँगै साढे ६ महिनाको कैद सजाय तोकेको छ।

# डेनमार्कमा विद्यालय खुले

**कोपेनहेगन, बैशाख ३।** नयाँ कोरोनाभाइरसका कारण डेनमार्कमा एक महिनादेखि बन्द रहेका विद्यालयहरु बुधबारदेखि खुल्न थालेका छन्।

युरोपमै विद्यालय खोल्ने डेनमार्क पहिलो देश हो। पहिलो चरणमा नर्सरी, शिशु कक्षा र प्राथमिक विद्यालयहरु शुरु भएका छन्। कोविड-१९ महामारीका कारण डेनमार्कसहित युरोपका धेरै देशमा मार्च १२ तारिखदेखि विद्यालयहरु बन्द भएका थिए। तर, पहिलो चरणमा डेनमार्कका आधाभन्दा बढी नगरपालिकाहरु र कोपेनहेगनका करिब ३५ प्रतिशत शैक्षिक संस्थाहरुमात्र खुलेका छन्।

अन्य स्थानमा भने स्थानीय स्वास्थ्य अवस्थालाई विचार गरी क्रमैसँग विद्यालयहरु खोलिने शिक्षा मन्त्रालयले जनाएको छ। सबै विद्यालय अप्रिल २० तारिखसम्ममा खुलिसक्ने अपेक्षा गरिएको छ।

# लकडाउनः घरमा के-के खाने ?

लकडाउनको कारण करिब ४ हप्तादेखि नेपाली जनता घरबाहिर निस्कन पाएका छैनन्। आफ्नै काममा व्यस्त भइरहँदा सरकारले कोरोनाभाइरसको संक्रमण फैलिन नदिनको लागि नेपालभर लकडाउनको घोषणा गरेको छ। यसले गर्दा अहिले सबैको दैनिकीमा परिवर्तन आएको छ।

यस्तो परिस्थितिमा कस्ता खानेकुरा खाएर आफ्नो दैनिकीलाई सरल र सुरक्षित बनाउने ? शरीरमा भाइरससँग लड्ने रोग प्रतिरोधात्मक क्षमताको विकास कसरी गराउने ? जोहो गरी राखेको खाद्यान्न कम हुँदै गएको बेला घरमा भएको खाद्यान्नलाई कसरी सदुपयोग र स्वस्थकर बनाएर खाने ? पोषणविद् डा. अरुणा उप्रेतीसँगको कुराकानीः

डा. उप्रेतीका अनुसार लकडाउनको समयमा स्वादिष्ट खानाको नाममा धेरैले बजारका पत्रु खाना खाएको पाइन्छ। परम्परागत रूप खाँदै आएका खानेकुरा नै बजारका खानेकुराहरुभन्दा धेरै स्वास्थवर्द्धक खाना भएको डाक्टर उप्रेती बताउँछिन्। बजारका पत्रु खानेकुरामा बानी परेका बालबच्चालाई लकडाउनको सदुपयोग गर्दै स्वास्थवर्द्धक खानेकुरा घरमा बनाएर खान बानी पारे भविष्यमा महत्वपूर्ण नतिजा आउने डाक्टर उप्रेती बताउँछिन्। घरकै भान्सामा भएका निम्न खानेकुरा यसरी बनाएर खान सकिन्छ।



डा. अरुणा उप्रेती

गेडागुडी-गेडागुडी र दलहन प्रोटिनयुक्त खानेकुरा हुन्। करिब ८ घण्टासम्म गेडागुडीलाई पानीमा भिजाइसकेपछि पानी निथारेर राख्नुपर्छ। यसरी भिजाएका गेडागुडी गर्मीयाममा प्रायः दुई दिनमा उम्रिन्छन्। यसरी उम्रिएका गेडागुडीलाई पकाएर झोलिलो बनाएर सेवन गर्न सकिन्छ। भट्मासलाई पनि भिजाएर झोलको रूपमा पिउँदा अति उत्तम हुन्छ।

मिश्रणयुक्त दाल-गेडागुडीबाट बनाइने मिश्रणयुक्त दलहनलाई झोल बनाएर पिएमा शरीरलाई निकै फाइदा गर्छ। भिटामिन तथा प्रोटिनयुक्त गेडागुडी तथा मिश्रण दाल खाँदा पाचन प्रक्रियालाई बलियो बनाउँछ। शरीरमा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदा ज्वरो आउने, रुघाखोकी, झाडापखाला लाग्ने, आउँ पर्ने सम्भावना बढी हुन्छ। साथै यस्तो अवस्थामा विभिन्न रोगका किटाणुले सजिलै आक्रमण गर्छ। त्यसैले स्वास्थ्य रहनका लागि सन्तुलित र नियमित रूपमा टुसा उम्रिएका गेडागुडी र मिश्रण दलहन खानुपर्छ।

**दहीमोही-** दहीमोही अनिवार्य सेवन गर्नुपर्छ। दहीमा पानी राखेर पिउनाले पाचन प्रक्रियालाई सहज तथा बलियो बनाउँछ। दही र चिउरा मुछेर पनि खान सकिन्छ। यस्तै मकैको च्याँख्ला, भुटेको मकै, भटमास, पानी राखेको दही तथा मोही खाँदा स्वास्थ्यका लागि अति राम्रो हुन्छ। यो ज्यादै स्वास्थवर्द्धक खाना हो।

**मासुको झोल-** कुखुराको मासुमा पानी राखेर बनाइने झोल पौष्टिकयुक्त हुन्छ। यसको झोल भात, कोदो, मकै, गहुँ, फापरको ढिँडोसँग स्वादिष्ट बनाएर खान सकिन्छ।

क्वाँटी-क्वाँटी बनाउनका लागि करिब ११ थरीका गेडागुडी मिश्रण गरेर भिजाइन्छ। ती गेडागुडी उमारेर झोल बनाएर खान सकिन्छ। त्यस्तै आलु, तामा र बोडी मिसाएर पकाउन सकिन्छ। विभिन्न प्रकारका तरकारी एकै ठाउँमा मिसाएर 'जोगी तरकारी' बनाएर खाँदा स्वास्थ्यका लागि राम्रो हुन्छ। यसको झोल पिउन र चिउरा, भुजासँग पनि खान सकिन्छ।

**अण्डाकरी -** अण्डाकरीलाई कडी बनाएर खान सकिन्छ। अण्डाकडीलाई दालको रूपमा प्रयोग गरेर खानासँगै खान सकिन्छ।

फाँडो-कोदो र गहुँको पिठोमा साग तथा विभिन्न किसिमका हरियो तरकारी, टमाटर, गाँजर मिसाएर फाँडो बनाउन सकिन्छ। फाँडोलाई भात, रोटी, ढिँडोसँग खान सकिन्छ।

**जाउलो-सामान्यतः** जाउलो बिरामीले खाने भन्ने गरिए पनि स्वस्थ्य रहनका लागि जसले पनि खान सकिन्छ। जाउलो बनाउँदा चामल, मिश्रण दाल, हरियो तरकारी तथा सागसब्जी मिसाएर बनाउन सकिन्छ।

ज्वानो, मेथीको झोल तथा जाउलो- ज्वानो, मेथीले गेडागुडी र दाल झानेर खान सकिन्छ। मेथीको गेडालाई भिजाएर त्यसको अचार साँधेर खान सकिन्छ। मेथी र ज्वानोलाई तरकारी, सागसब्जीमा फुराएर खान सकिन्छ। मेथी र ज्वानोको मात्रै झोल बनाएर खान पनि सकिन्छ। यसरी ज्वानो र मेथी खाएको खण्डमा शरीरको रोग प्रतिरोधात्मक क्षमता बढ्छ।

**मस्यौरा र गुन्द्रुक-** विभिन्नथरीका गेडागुडीको पिठो बनाएर पिँडालु, तरुल आदि मिसाएर मस्यौरा बनाइन्छ। मस्यौराको झोल बनाएर खाँदा पनि राम्रो हुन्छ। गुन्द्रुक र भट्मासमा मिसाएर झोलिलो बनाएर खाँदा झनै स्वस्थकर हुन्छ।

*- माया श्रेष्ठ*

# सोसल मिडियाको लत छुटाउने फेसबुकको नयाँ फिचर



**काठमाडौं, बैशाख ३।** सोसल मिडिया प्लाटफर्म फेसबुक विश्वमा सर्वाधिक लोकप्रिय सोसल मिडिया हो। परिवार तथा मित्रजनसँग जोडिने सबैभन्दा सहज माध्यम बनिरहेको छ- फेसबुक।

तर, सामाजिक सञ्जालमा आफूलाई जोड्ने र दुनियासँग साक्षात्कार गराउनका लागि प्रयोग हुने फेसबुक समयक्रमसँगै मानिसहरुको लतमा परिणत भएको छ। मानिसहरु अत्यधिक समय फेसबुकमा झुण्डिने समस्या बढिरहेको र यसले फेसबुक प्रयोगकर्ताहरुमा मानसिक तथा सामाजिक समस्या सिर्जना गरिरहेको विभिन्न अध्ययनहरुले देखाएका छन्।

प्रयोगकर्ताहरुमा बढिरहेको फेसबुकको यहीं लतलाई छुटाउनका लागि फेसबुक स्वयंमले एक नयाँ फिचर शुरु गरेको छ। फेसबुकले आफ्नो एपमा एक नयाँ टूल थप गरेको छ। Quiet Mode नामक उक्त टूलले प्रयोगकर्तालाई फेसबुक प्रयोग कम गर्नका लागि मार्ग प्रसस्त गर्दछ। क्वाइट मोडका माध्मबाट प्रयोगकर्ताहरुले यो प्लाटफर्ममा बिताउने समय कम गर्न सक्नेछन्।

फेसबुकले तत्कालका लागि आइफोन प्रयोगकर्ताका लागि यो फिचर सार्वजनिक गरिसकेको छ। आगामी मे महिनामा एन्ड्रोइड प्रयोगकर्ताका लागि पनि क्वाइट फिचर उपलब्ध हुने बताइएको छ।

Quiet Mode मा प्रयोगकर्ताले एक तालिका सेट गर्नुपर्दछ। उक्त मोड एक्टिभेट भएसँगै फेसबुक एपमा नयाँ मेसेज तथा अन्य विषयका नोटिफिकेसन म्यूट हुनेछन्। यो फिचरका माध्यमबाट आफूले कति समय फेसबुकमा के गरेर बिताइयो भन्ने कुरा पनि थाह पाउन सकिनेछ। क्वाइट मोडका क्रममा प्रयोगकर्ताले फेसबुकको अधिक प्रयोग गर्न पाउँदैनन्।

फेसबुकको स्वास्थ्य विभागका अधिकारी कांग जिंग जिनका अनुसार क्वाइट मोडले पुस नोटिफिकेसनलाई म्यूट गरिदिन्छ। यदि तपाईंले क्वाइट मोडमै राखेर फेसबुक चलाउन थाल्नुभयो भने 'तपाईंले अहिले फेसबुक नचलाउने निर्णय गर्नुभएको हो' भन्ने जानकारी दिनेछ। क्वाइट मोडको तालिका म्यानुअल्ली पनि सेट गर्न सकिन्छ। साथै दिनका केही घण्टा स्वतः छनौट गर्न पनि सकिन्छ।

स्मरण रहोस् यो नयाँ फिचर फेसबुकमा पहिलेदेखि नै उपलब्ध ာगतभ उगकज notifications सेटिंग्स भन्दा बिल्कुलै फरक छ।

उक्त फिचरले पुस नोटिफिकेसनमा रोक लगाए तापनि आफूले चाहेको समयमा मात्र रोक्ने गरी सेटिंग्स मिलाउन सकिँदैन।

-एजेन्सीको सहयोगमा


## सस्तोमा घडेरी बिक्री

झापाको बिर्तामोड-१, देवी पञ्चकन्या प्लटिङको उत्तरमा एक कठ्ठा आकर्षक घडेरी सस्तो मूल्यमा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तत्काल सोझै सम्पर्क गर्नुहोला। मूल्य रु.४७ लाख मात्र।

सम्पर्कः ९८२३७२६९७९

## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


## कोरोनाविरुद्ध ...

छ। जसले दूषित हावा बाहिर फाल्छ भने ताजा हावा चिकित्सकसम्म पुऱ्याउँछ। कतिपय ठाउँमा प्रयोग गरिएको बुथहरु सुरक्षात्मक नभएकाले हटाउन भनिसकिएको ढकालले बताए।

**पीपीई**

आविष्कार केन्द्रमा पीपीईको विज्ञ कोही पनि थिएनन् तर अवस्थाले पीपीई विज्ञ बनाइदियो। समस्या आइसकेपछि पीपीईबाट काम शुरु गर्ने निर्णय भएको ढकालको भनाइ छ। त्यसको माग बढी थियो। चिकित्सक नै संक्रमित भए भने धेरैलाई प्रभावित पार्ने भयो भनेर हामीले त्यसको अनुसन्धान थाल्यौं- ढकालले भने- वीर अस्पताल र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट नमूना मगाएर हेरियो। त्यो हेर्दा वाटर पेनिटेसन थिएन। पानी छिर्ने भेटियो।

त्यसपछि अनुसन्धान टोलीले विश्व स्वास्थ्य सङ्गठनको गाइडलाइनको अध्ययन गरियो। गाइडलाइनमा भनिएको थियो वाटर प्रुफ्ट, एयर प्रुफ्ट र भाइसर प्रोटेक्टिभ हुनुपर्छ पीपीई। त्यसपछि हामीले कुन कपडा कस्तो छ भनेर हामीले खोजी गऱ्यौं। डबल लेयर, रबराइज, टाफेटा भन्ने फ्यावरिक पत्ता लाग्यो। यो फेवरिक जापानको उत्पादन हो। कम्पनीले नै भाइरस प्रोटेक्टिभ भनेर प्रमाणित गरेको कपडा हो।

पहिले प्रयोग भइरहेका पीपीईमा हाई प्रेसरमा पानी पठाउँदा पानी पस्ने गरेको पाइयो भने यो पीपीईमा भने जति प्रेसर गर्दा पनि पानी नपसेको ढकालको भनाइ छ। गुणस्तर विभागले मापदण्ड हेरेर ठीक छ भनेको छ। केन्द्रले विभागलाई नमूना दिएर आवश्यक प्रस्तुति गरेरै काम गरेको हो। पीपीई आवश्यक डिजाइन गरेर निश्चित टेलरमा सिलाउने गरिएको छ। विभागको सुझावको आधारमा पानी नपस्ने खालको र एयर प्रुफ्ट जीफर प्रयोग गरिएको छ। सकेसम्म कम सिलाउने गरिएको छ। सिलाएको ठाउँमा समेत पानी र हावा छिर्न नसक्ने गरी टेप लगाइएको छ। सकेसम्म साइन्टिष्ट र मेडिकल विद्यार्थीबाट मेहनत गरेर बनाएका छौं- ढकालले भने।

अहिलेसम्म दुई हजार आठ सयभन्दा बढी बनाएर निःशुल्क रुपमा वितरण गरिसकेको छ, केन्द्रले। सातै प्रदेश र ७७ वटै जिल्लामा पुगेको छ केन्द्रको पीपीई। माग बढ्दो छ। अझै तीन/चार हजार माग छ ढकालले आँकडा सुनाए। उनले भने- टेप र जिफर सरकारले उपलब्ध गराइदियो भने नेपाललाई चाहिने सबै पीपीई हामी उत्पादन गर्न सक्छौं। राष्ट्रिय आविष्कार केन्द्रले एउटा स्टाण्डर्ड (गाइडलाइन) निकालेको छ। यो निकालेपछि यसैलाई फलो गरेर अन्य ठाउँबाट पनि उत्पादन शुरु गरिएको छ। यही हाम्रो गाइडलाइनबाट बनिरहेको छ। एम्बुलेन्स चालकका लागि पनि छुट्टै पीपीई बनाइएको छ। दुई सयभन्दा बढी चालकले लगिसकेका छन्।

त्रिविवि शिक्षण अस्पताल, वीर अस्पताल टेकु, आर्मी अस्पताल, सशस्त्र प्रहरी अस्पताल तथा निजी अस्पताल सबैलाई पीपीई दिइएको ढकालले बताए। अझै माग आइरहेको छ। हामी दैनिक १८ घण्टा बढी खटेर पीपीई बनाइरहेका छौं- ढकालले भने- कुन अस्पताललाई चाहिन्छ, के कति मात्रामा माग छ भन्ने कुरा महावीर पुनले नै तथ्याङ्क लिनुहुन्छ र यहाँ पठाउनुहुन्छ। हामी सोही अनुसार दिएर पठाउँछौं। पीपीईमा जापानीज फेबरिक प्रयोग हुन्छ, त्यसमा पनि डबल लेयर्ड रबराइज हुनुपर्नेछ, काट्ने र सिलाउने ठाउँ कम गरिएको छ। काटेको ठाउँमा टेपिङ अनिवार्य गर्नुपर्ने, जिफर हावा र पानी नछिर्ने हुनुपर्ने मापदण्ड छ।

काठमाडौं मै बस्ने पर्वतका अमबहादुर रोक्का पनि पीपीई पट्याउँदै थिए। उनी ९ दिनदेखि स्वयम्सेवकको रुपमा काम गरिरहेका छन्। अहिलेको अवस्थामा सहयोग गर्न यहाँ काम गर्न आएको। सेवा भनेको दुःख पर्दा हो सुख पर्दा जसले पनि गर्छ। त्यही भएर सेवा गर्न मन लागेको छ। यहाँ यसरी झण्डै २० जनाले काम गरिरहेका छन्। रात दिन नभनी काम भइरहेको केन्द्रलाई सरकारले आवश्यक सहयोग उपलब्ध गराए कोरोना नियन्त्रणका लागि विदेशबाट सामान आयात गर्नैं नपर्ने ढकालको दाबी छ। हालसम्म सबै सामग्री निःशुल्क दिइएको छ।

अमेरिका नेपाल चिकित्सक सोसाइटीले केही सहयोग उपलब्ध गराएको छ। यस्तै नेपालभित्रका केही दाताले सक्दो सहयोग गरेका छन्। सोही सहयोगका आधारमा नै केन्द्रले कोरोना नियन्त्रणका लागि सक्दो सहयोग गरेको छ। सरकारले आफूहरुलाई साधन र स्रोत उपलब्ध गराए देशभित्रै स्वास्थ्य सामग्री बनाउन सकिने उल्लेख गर्दै ढकालले नेपाली युवा वैज्ञानिकको ज्ञान र सीपलाई प्रयोग गर्नुपर्ने बताए। रासस

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७५९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## एकता प्रदर्शन गरौं

नेपाल कोरोना संक्रमणको तथ्यांकमा उकालो लाग्दैछ । चोर पल्किन्छ कि चिन्ता थपिएको छ । विज्ञहरूले चिन्ता नलिन सुझाएका पनि छन् तर सुझाव दिन सजिलो भए पनि व्यवहारमा उतार्न सजिलो छैन । जबसम्म प्रत्येक मानिस सचेत हुँदैन तबसम्म यो कहरको अन्त्य होला भन्ने अवस्था रहँदैन । उपचार ओखती केही नभएर हैरान भएका सम्पन्न राष्ट्रहरू नै पुर्पुरोमा हात राख्न बाध्य भएको यो समय एकान्त बस्नुलाई ‘रामवाण’ ठान्दैछन् ।

यसकै अनुशरण गरी सीमा नाकादेखि हवाई उडानसम्म बन्द गरेको हाम्रो सरकारले बन्दलाई अझै लम्ब्याएको छ । यो बेला सरकारको निर्णय र निर्देशनको आलोचना वा समीक्षा गर्ने बेला होइन । आसन्न संकट र त्यसबाट निजात पाइने उपायको खोजी आ–आफ्नै तरिकाले पनि गर्न सकिन्छ । महामारीको प्रारम्भ बिन्दु चीनले परम्परागत उपचार पद्धति समेतको प्रयोग गरेर नियन्त्रण गरेको भनिएको छ । उसको परम्परागत भनेको जडीबुटीबाट गरिने आयुर्वेदिक पद्धति नै हो । त्यही कारण भनिएको छ– आवश्यकता आविष्कारकी जननी हुन् । आवश्यकताले प्रकृति र परम्पराबाट सफल उपचार हुन सक्यो भने यो मानव जातिका लागि सुसमाचार हुनुपर्छ । प्रकृतिकै एउटा अंश हो । मानव त्यसैले त्यस विपरीतका गतिविधि उसलाई सहृय नहुने सक्छ ।

हामी आजका मितिसम्म भाग्यमानी नै छौं भन्नुपर्छ । सुस्तरी भएको परीक्षणले र परीक्षणको स्तरीयता दोषी छैन भने यहाँ एकजनाले पनि ज्यान गुमाउनु परेको छैन । संक्रमित संख्या बढेको भए पनि आत्तिनुपर्ने संख्या होइन । केवल समाजमा व्यक्ति–व्यक्तिबीच दुरी राख्न मात्रै सकिए महाविपद् रोक्न सकिन्थ्यो । यो विपद्लाई राजनीतिको आँखाले हेर्नु महामुर्खता हुनसक्छ । वरू सबैले एकान्तबासको सदुपयोग गरी सम्भावित अनिष्टको सामनाको सामना गरौं । आफूले सकेको सहयोग गरेर दुर्भीक्ष्यको चपेटामा परेकालाई उपकार गर्दै मानवीयताको उदाहरण प्रस्तुत गरौं । आफू र आफ्नो समुदायको सम्पर्कमा कोही नयाँ र सम्भावित व्यक्ति भए तिनलाई सार्वजनिक गरौं ।

राज्यले सुरक्षाको प्रत्याभूति दिन सकेको छैन यो सत्य हो । उसले खासगरी प्रतिपक्षलाई समेत साथ लिएर हिंडेको अनुभूत गर्न सकिए केही विश्वास पनि बढ्ने थियो । अदृश्य शत्रुबिरूद्धको लडाइका योद्धाहरू स्वास्थ्य र सुरक्षाकर्मीलाई अझै समर्पित बनाउन सरकारको भूमिका नपुगेको हुनसक्छ । यसैलाई  अवसर बनाएर स्वार्थ पूरा गर्न उद्धत जिम्मेवार व्यक्ति वा समूहको पहिचान र कारबाहीमा ध्यान नगएको हुनसक्छ । कतै धर्मान्धताले पनि यो महासमरलाई उत्तेजित पारिरहेको छ, पनि सुनिन थालेको छ । यस्तोमा सबै पक्ष, क्षेत्र र समुदायको मन जित्न सरकारको गतिशीलता नपुगिरहेको गुनासा आउन दिनु हुँदैन । भोक र अभावसँग जुधिरहेकाहरूले पनि सरकारको बिश्वास गर्न सक्नुपर्छ । कामको सिलसिलामा जो जहाँ छन् तिनले त्यही ठाउँमा बाँच्न पाउने वातावरण दिनुपर्दछ । अभिभावक हुनुका कारण जस–अपजस त सरकारले बोक्नै पर्छ । युद्ध जितियोस्  । कसैले भोकका कारण वा रोगका कारण अकालमै ज्यान गुमाउनु नपरोस् । बाँचे नीति–अनीति, सदाचार–दुराचारको समीक्षा गरौंला । तर अहिले असुबिधा खपेरै भए पनि महामारीबिरूद्धको लडाइँमा एकता प्रदर्शन गरौं ।

# विश्वभरका नेपाली बेरोजगार हुँदैछन्



डा. चन्द्रमणि अधिकारी
अर्थविद

कोरोना भाइरस अर्थात् कोभिड-१९ले गर्दा विश्व जर्जर अवस्थामा पुगेको छ । स्वास्थ्य सेवा र अनुसन्धानमा निकै अब्बल मानिएका देशलाई यो रोगसँग लड्न ठूलो सकस परिरहेको छ । मानवीय अस्तित्व बचाउन उनीहरुको दौडधुप हेर्दा लाग्छ, कोरोना भाइरसले हामीजस्तो सानो र अत्यन्तै कम अनि सीमित स्वास्थ्य क्षमता भएको देशमा तीव्र गतिमा फैलिए के होला ? त्यसैले हामीले सबैभन्दा पहिले यो भाइरसलाई कमभन्दा मानिसमा सीमित गर्नको लागि पूर्वतयारी र रोकथाममै जोड दिनुपर्छ । भएभरका संयन्त्र हामीले यसको रोकथाम र नियन्त्रणमा लगाउनुपर्छ । मान्छेको ज्यान जोगाउन सक्नु यतिखेर ठूलो सफलता हुन जान्छ ।

**जीवन रक्षा र अर्थतन्त्र**

अहिलेको ठूलो चुनौति भनेको जीवन रक्षा हो । तर, जीवन रक्षासँग अर्थतन्त्र पनि जोडिन्छ । आर्थिक सामाजिक अवस्था र उत्पादन पनि जीवन रक्षासँगै जोडिन्छ । मैले हरेक पटक भन्ने गरेको छु, मान्छले हातमा काम, गोजीमा दाम र समाजमा नाम खोज्छ । अहिले स्वदेशमा काम गरिरहेका हुन् या विदेशमा पसिना बगाइरहेका सबैजसो युवाको चाहना पनि यही नै हो । तर, कोरोना महामारीले विश्वभरको अर्थसंरचनालाई परिवर्तन गर्न लागेको छ । सामाजिक संरचना पनि परिवर्तन हुँदैछ । यसले मान्छेको सोचाइलाई समेत परिवर्तन गर्न थालेको छ ।

जस्तो पहिले पहिले अस्ट्रेलिया, अमेरिका, बेलायत, जापान र कोरियालगायतका सम्पन्न देशमा जाने नेपालीमा त्यहाँ जान पाएकोमा गर्व महशुस हुन्थ्यो । तर, अहिले उनीहरु एकपटक मातृभूमिमा फर्कन पाए जसोतसो बाँचिन्थ्यो होला, देशमै परिवारसँग रहन पाए कस्तो हुन्थ्यो होला भन्ने अवस्थामा रहेको पाइन्छ । बाहिर जाने सोचमा रहेकाहरुमा पनि आफ्नै देशमा बस्नुपर्ने रहेछ भन्ने सकारात्मक सोचको विकास भएको देखेको छु ।

**रेमिट्यान्समाथि सङ्कट**

नेपालको अर्थतन्त्र चलायमान बनाउन रेमिट्यान्सको महत्वपूर्ण भूमिका छ । हाम्रो देशका युवालाई श्रम गर्न विदेश पठाएर हामीले देश धानिरहेका छौं । सरकारको अहिलेसम्मको नीति पनि विदेशमा युवा पठाउने र त्यसको लागि धेरैभन्दा धेरै श्रम गन्तव्य खोज्ने देखिएको छ । तर, अब हिजोको जस्तो गरी चल्दैन । किनकि जुन देशबाट हाम्रो देशमा सबैभन्दा धेरै रेमिट्यान्स आउँछ ती देश नै आर्थिक सङ्कटको भूमरीमा पर्दैछ । कूल रेमिट्यान्सको ५० प्रतिशत हिस्सा ओगट्ने खाडी देश पनि समस्यामा परेकाले ती देशले हाम्रा कामदार फर्काउने र नयाँ कामदार नलैजाने मनस्थितिमा पुगेको देखिन्छ

यस्तै युरोप, अस्ट्रेलिया, जापान र कोरियालगायतका देश गएका धेरै नेपाली बेरोजगार हुने सम्भावना छ । उनीहरु पनि त्यहाँ टिक्न सकेनन् भने नेपालमै आउँछन् । ती देशबाट आउने रेमिट्यान्स पनि ठूलो मात्रामा ओरालो लाग्दैछ । त्यसैले अब हाम्रो देशमा रेमिट्यान्सको हिस्सा निकै ठूलो अङ्कले घट्नेवाला छ । यसले हाम्रो अर्थतन्त्रमा ठूलो चुनौति थपिदिएको छ ।



**कृषि र पशुपालनमा जोड**

यसअघि सजिलैसँग युवालाई विदेश पठाएपछि सरकारलाई देशमा धेरै बेरोजगार भए भन्ने चिन्ता नहुने र हाइसञ्चो हुने भएको थियो । तर, अब त्यो अवस्था उल्टिनेवाला छ । अब लाखौं युवा नेपाल फर्किएपछि व्यवस्थापनमा ठूलो चुनौति देखिनेछ ।

नेपालबाट श्रमको लागि विदेश जाने युवा कम हुनेछन् । किनकि कोरोनाको कारण नेपालीको श्रम गन्तव्य रहेका देशमा पनि आर्थिक संकट शुरु भएको छ । अर्कोतिर अब नेपालमै केही गर्नुपर्ने रहेछ, सुरक्षित त यहाँ पो रहेछ र मर्नै परे आफ्नै देशमा, समाज या परिवारकै वरपर मर्न पाइने रहेछ भन्ने खालको सोच पनि कोरोनाको प्रकोपले गर्दा विकसित भएको छ ।

त्यसैले अब कृषि, पशुपालन र वन क्षेत्रको पूर्ण सदुपयोग गर्नुपर्छ । गाउँघरका बाँझा खेतबारीमा खेती गर्नुपर्छ । विदेशबाट सीप सिकेर आएका युवाले त्यो सीप आफ्नै पाखापखेरामा देखाउने बेला आएको छ । त्यसको लागि सरकारले सहुलियत ऋणदेखि, मल, वीऊ र सिञ्चाइको व्यवस्था गर्नुपर्छ । त्यति मात्रै होइन, कृषकको उत्पादनको ग्यारेन्टी पनि सरकारले लिनुपर्छ ।

किसानले दूध बिक्री नभएर सडकमा पोख्ने, तरकारी बिक्री नभएर बारीमै जोतिने र उखु किसानले भुक्तानी नपाएकोजस्ता घटनाले कृषि पेशा अँगाल्न चाहनेहरुमा निराशा पैदा भएको छ । तर, तपाईंको उत्पादन हामीले किन्छौं भनेर सरकारले ग्यारेन्टी गर्नुपर्छ । यसोगर्दा लाखौं रोजगारी देशमै सिर्जना हुन सक्छ ।

अर्को कुरा, हामीले अब अर्ग्यानिक कृषिमा जोड गर्नुपर्छ । अर्ग्यानिक खेती गर्दा एकातिर हाम्रो वातावरण कम प्रदुषित हुन्छ भने अर्कोतिर हाम्रो रोग प्रतिरोधात्मक क्षमता पनि बढ्छ ।

हामीले अब वनको सदुपयोग गर्नुपर्छ । वन जोगाउने नाममा अर्बौं रुपैयाँ खेर गएको छ । वातावरणमा असर नपर्नेगरी रुख काट्ने रोप्ने गर्नुपर्छ । अर्बौं रुपैयाँको काठ आयात गर्ने तर देशमै भएका काठ कुहिने अवस्थाको अन्त्य हुनुपर्छ । वनको सदुपयोग गरेर पनि धेरैलाई रोजगारी दिन सकिन्छ ।

तरकारी, फलफूल र खाद्यान्नलगायतमा हामीले २ खर्ब रुपैयाँ बर्षेनि विदेश पठाउँछौं । अब पाखापखेरामा खेती गरौं र विदेशिनै पैसा जोगाऔं । रेमिट्यान्समा आउने कमीलाई हामीले यसरी पूर्ति गर्न सक्छौं ।

**भूकम्प र नाकाबन्दीभन्दा फरक**

भूकम्प र नाकाबन्दीका बेला पनि नेपालको अर्थतन्त्रमा समस्या आएको थियो । अर्थतन्त्रको ‘नेगेटिभ’ वृद्धिदरको चिन्ता थियो । तर, त्यसलाई हामीले सजिलैसँग ट्र्याकमा ल्याएका थियौं । किनकि भूकम्पले नेपालमा मात्रै क्षति गरेको थियो । नाकाबन्दीले हामीलाई मात्रै समस्या पारेको थियो । हामीलाई सहयोग गर्ने दाताहरुलाई केही फरक परेको थिएन । मनग्य सहयोग पनि पायौं । युवाहरु विदेश जाने क्रम झन् बढ्यो । रेमिट्यान्स थपियो । अर्थतन्त्र लयमा आयो ।

तर, अहिले भने अवस्था त्यस्तो छैन । संसारभरको अवस्था डरलाग्दो छ । नेपाललाई आर्थिक सहयोग गर्ने र नेपाली श्रमिक लैजाने देशहरु सङ्कटमा परेकाले पहिलेभन्दा वैदेशिक सहयोग या ऋणमा ठूलो गिरावट आउन सक्छ । हाम्रो देशमा आउने प्रत्यक्ष वैदेशिक लगानी नआउन सक्छ । किनकि अहिले हरेक देशमा समस्या परेकाले लगानीकर्तालाई आफ्नै देशमा लगानी गर्न बाध्य बनाउन सक्छ ।

विश्व बैंक, आइएमएफ र एसियाली विकास बैंकलगायतका बहुर्राष्ट्रिय संस्थामा विकसित र ठूला देशले गर्ने लगानी कम हुँदा ती संस्थाले नेपाललाई दिने अनुदानमा कटौती हुन सक्छ । नेपालको मात्रै समस्या हुँदा विदेशी सहयोग आउँथ्यो तर अहिले समस्या विश्वभरि नै छ । त्यसैले आफ्नो लागि आफैं गर्ने बेला आएको छ । (उज्यालो)

*(डा. अधिकारीसँग अर्जुन पोखेलले गर्नुभएको कुराकानीमा आधारित)*

# कोरोना भाइरस र रमजान





सईद उल शेख

२०२०को रमजान महिना कोरोना भाइरसका कारण धेरै फरक देखिनेछ । खगोलविद्हरूको गणना अनुसार यस वर्ष रमजान नेपालमा अप्रिल २५मा पर्ने अपेक्षा गरिएको छ ।

**सोसल डिस्टेन्सः** नेपाल सरकारले एक वार्ड बाट अर्को वार्ड आवातजावत गर्न निषेध गरिएको छ । भीडभाड गर्न दिएको छैन, तपाईंको साथीहरू वा परिवारलाई भेट्न एक ठाउँबाट अर्को ठाउँ जान, आउन सक्नुहुन्न । कोरोना भाइरस संक्रमण नरोकिएसम्म बिर्सनुहोस् किनभने सामाजिक दूरी अब सामान्य भएको छ । आजको दिनसम्म सडकहरू खाली छन्, सपिङ सेन्टरहरू बन्द छन् । हाम्रो दैनिक तालिका परिवर्तन भएको छ ।

**परिवर्तनको समयः** मुसलमानहरूका लागि वर्षको सबैभन्दा पवित्र महिना रमजान नेपालमा अप्रिल २५देखि शुरु हुने अपेक्षा गरिएको छ । रमजानको पालना इस्लामको पाँचवटा स्तम्भमध्ये एक हो र विश्वभरका मुस्लिमहरू पूरा महिना व्रत (रोजा) बस्छन् ।

१. **रमजान पूर्व समारोहहरूः** कोरोना भाइरसको कारण शब ए बराअत पर्वमा के कति र कसरी असर देखियो यहाँहरु अवगत नै हुनुहुन्छ । यो पर्वममा खासगरी मुस्लिम समुदाय बेलुका कब्रिस्तान गएर मृतकहरुका लागि अल्लाह रब्बुल इज्जतसंग प्राथर्ना गर्ने, मस्जिदमा मिलाद (धार्मिक प्रवचन कार्यक्रम) हुने, मीठो-मीठो परिकारका हलवा बनाएर फ़ातिहा गर्ने र एक अर्काको घरमा गएर फ़ातिहाका सामानहरु लिने र दिने गर्छन् तर, यसपाली भने महामारीका कारण मुस्लिम समुदाय हर्षोल्लासका साथ मनाउन सकेन ।

२. **खाद्यान्न सामग्रीः** लकडाउनको कारण रमजान महिनामा खाद्यान्न सामग्रीमा गम्भीर समस्या उत्पन्न हुने निश्चित देखिन्छ । भारत र चीनको नेपालसंग जोडिने सबै नाका बन्द गरिएको छ । खाद्यान्न सामग्री बाहिरबाट केही आउन सकेको छैन । नेपालमा पनि तालाबन्दीका कारण खाद्यान्न सामग्री प्रशस्त रूपमा उपलब्ध छैन ।

नेपालमा सबैभन्दा पछाडि परेका, अशिक्षित एवम् बेरोजगारीमा अव्वल मुस्लिम समुदाय आउँछ । दैनिक रूपमा श्रम गरेर जीविकोपार्जन गर्ने मुसलमानहरुका लागि यसपालीको रमजान महिना निकै कठिन हुनेछ । मुस्लिम समुदाय इफ्तारको बेला फलफूलहरु अनिवार्य रूपमा खरिद गर्ने गर्छन् । तर, यसपाली कोरोना भाइरसका कारण सुपर मार्केटहरु र पसलहरुमा फलफूलको कमी भने निश्चय नै देखिन्छ ।

३. **रेडीमेड तथा टेलरमा सिलाउने ईदको पहिरनः** यदि ईदभन्दा अगाडि कोभिड-१९को भेक्सिन मार्केटमा आएन भने नयाँ कपडा हामी कहाँबाट खरिद गर्ने, यो त झन चिन्ताको बिषय बनेको छ । यसपाली पुरानो कपड़ालाई धोएर मजाले आईरन गरेर अत्तर लगाएर ईद मनाउने गर्नुपर्छ । यसपालिको ईदले पनि इतिहास रच्ने छ ।

४. **सोसल डिस्टेन्स, सामुहिक रूपमा खानु :** सोसल डिस्टेन्स सबै धर्मावलम्बीहरुका लागि अति महत्वपूर्ण विषय हो र यो सबैले जानी राख्नुपर्ने हो । सोसल डिस्टेन्स बारे छोटकरीमा बुझौं । तपाईहरु अत्यावश्यक सामग्रीहरु जस्तै तरकारी, दूध आदि खरिद गर्न जाँदा पसलको अगाडि सेतो रातो रंगले एक/एक मिटरको दूरीमा गोलो-गोलो घेरा लगाएको प्रक्रियालाई सोसल डिस्टेन्स भनिन्छ ।

सो रमजानमा सोसल डिस्टेन्सको नियम पालना गर्नका लागि भएता पनि भीडभाड गरेर तपाई आफैं खान रुचाउनु हुन्न । ज्यानको कसलाई माया हुँदैन होइन र त्यसैगरी मुस्लिम समुदाय इफ्तारको बेला खाने कुराहरु एकथालमा ५/६ जनाको सामुहिक रूपमा खाने गर्छन् किनभने इस्लाममा जुठोको कुनै स्थान छैन । तर यसपाली कोरोना भाइरसले सामुहिक रूपका खानका लागि पनि इजाजत दिँदैन किनभने भाइरस जाति, धर्म देखेर फैलिँदैन, भाइरसलाई त केवल मनुष्य चाहिन्छ, मनुष्य मात्र चाहिन्छ । सो यसपाली कसैको जुठो खाने काम नगर्नु होला ।

५. **इफ्तार पार्टी र तरावीको नमाजः** इफ्तार पार्टी, मुस्लिम समुदाय बिहान व्रत बस्नका लागि केही खानेकुरा खान्छन्, जसलाई सेहरी भनिन्छ । त्यसैगरी व्रत (रोजा) खोल्ने प्रक्रियालाई इफ्तार भनिन्छ । यदि रमजान महिनामा लकडाउन रह्यो भने शतप्रतिशत छ कि इफ्तार पार्टी पूर्णरूपमा बन्द हुन्छ किनभने अहिले विश्वभरी सोसल डिस्टेन्सको नियम पालना गर्नु अनिवार्य रूपमा लिएको छ । यदि उक्त निर्णयको पालना गरेको देखिएन भने तपाईंहरुमाथि प्रशासनले कार्वाही पनि गर्न सक्छ । तरावीको नमाज रमजान महिनाको आगमनभन्दा अगाडि नै भाइरसलाई रोक्न सकिएन भने तरावी नमाजमा पनि समस्या देखिने छ । जस्तै कि अहिले विश्वभरिका मुस्लिम धार्मिक गुरुहरुले मस्जिदमा नमाज नपढेर घरमा पढ्नका लागि निर्णय लिएका छन् । साउदी अरबले पनि मक्का र मदिनामा बाहिरको मानिसहरुलाई प्रवेशमा रोक लगाएको छ ।

लकडाउनमा तरावी नमाजलाई लिएर नेपाली मुस्लिम डटनेटले नेपालका धार्मिक गुरुहरुसँग सम्पर्क गरेर उहाँहरुले दिनुभएको प्रामाणिक कुराहरुलाई साझा गरिनेछ ।

६. **उमराह :** यसपाली उमराह पूर्णरूपमा बन्द गरिएको छ । सो यसपाली रमजान महिनामा उमराह सम्भव छैन । यहाँसम्म कि हजका लागि साउदी सरकारले कोरोना भाइरस संक्रमण नारोकिएसम्म हज यात्राका लागि कुनै किसिमको योजना नबनाउनुका लागि अनुरोध गरेको छ ।

७. **रमजानमा  ज्यालादारी मजदुरहरुः** यसपाली मुस्लिम समुदायका धनीमानीहरु इमान्दारीका साथ जकात निकाल्ने समय आएको छ । वास्तवमा यो हाम्रो लागि परीक्षाको घडी हुनेछ । ज्यालादारी मजदुरलाई तपाइँ सिँधै आफ्नो हातबाट सहयोग गर्नुहोस् । कुनै संघ-संस्थालाई दिने काम यो वर्ष चाहिँ नगर्नका लागि बिनम्र अनुरोध गर्दछु ।

८. **ईद उल फित्रको नमाजः** ईद उल फित्रको नमाज वर्तमान अवस्थामा एक गम्भीर विषय हो, यसलाई हल्कामा न लिनका लागि मुस्लिम बुद्धिजीवी एवम् धर्मगुरुहरुलाई आग्रह गर्छु । मुस्लिम धर्मगुरु, मुस्लिम आयोग, मुस्लिम अगुवा, मुस्लिम संघ-संस्था, विभिन पार्टीहरु तथा नेपाल सरकार ले ईदको नमाजलाई लिएर के गर्ने कसरी गर्ने भनेर ईद भन्दा कम्तीमा १० दिन अगाडिदेखि नै मुस्लिम समुदायलाई जानकारी गराईदिने वातावरण बनाई दिनुपऱ्यो ।

*घरमै बसौं, नमाज पढ्नुहोस्*
*सुरक्षित रहौं, प्रार्थना गर्नुहोस् ।*

# खडेरीपीडित कृषकलाई मकैको बीऊ

**खोटाङ, बैशाख ३।** गत वर्षको खडेरीपीडित किसानलाई हलेसी तुवाचुङ नगरपालिका र खोटेहाङ गाउँपालिकाले मकैको बीऊ वितरण गरेको छ ।

गत वर्ष भएको लामो समयको खडेरीका कारण मकै छर्न नपाएका र छरेका मकैको बिरुवा समेत खडेरीले मरेपछि बीऊ नै जोगाउन नसकेका किसानलाई बाहिरी जिल्लाबाट खरिद गरेर ल्याइएको मकैको बीऊ वितरण शुरु गरिएको हो ।

खडेरीका कारण मकैको बीऊविहीन बनेका किसानलाई बाहिरी जिल्लाबाट खरिद गरेर ल्याइएको मकैको बीऊ प्रतिघर चार केजीका दरले वितरण शुरु गरिएको नगरप्रमुख इवन राईले बताए । खडेरीका कारण मकैको बीऊ मासिएको क्षेत्र, आवश्यक पर्ने बीऊको परिमाण र बीऊ खरिदका लागि आवश्यक बजेट निकासाका लागि माग गर्न ११ वटै वडा कार्यालयलाई पत्राचार गरिएको थियो ।

जिल्लाको प्रमुख बालीका रुपमा लगाइने मकै छर्ने बेला शुरु भएको अवस्थामा नगरपालिकाले मकैको बीऊ खरिद गरेर खडेरीपीडित किसानलाई निःशुल्क वितरण शुरु गरेपछि किसान समेत हर्षित बनेका छन् । नगरपालिकाको हावापानी सुहाउँदो ठाउँबाट खरिद गरेर ल्याइएको मकैको बीऊ किसानलाई वितरण शुरु गरिएको जनाइएको छ ।

हलेसी तुवाचुङ नगरपालिकाको बाहुनीडाँडा, डिकुवा, च्यास्मिटार, बडहरे, मङ्गलटार, दुर्छिम, सल्ले, राजापानी, अर्खौलेलगायत ११ वटै वडामा गत वर्षको वैशाख र जेठमा छरेको मकैको बिरुवा लामो समयको खडेरीले सुकेर सोत्तर भएको थियो । खडेरीका कारण कतिपय किसानले मकै छर्नसमेत पाएका थिएनन् ।

जिल्लामा मकै छर्ने सिजन गएपछि वर्षा हुँदा कतिपय किसानले असार लागेपछि मात्रै मकै छरेका थिए । तर, बेमौसममा छरिएको मकैको बीऊ उम्रिए पनि उत्पादन भने नदिएको किसानहरुले बताएका छन् ।

नगरपालिकाको दूधकोशी र सुनकोशी किनार आसपासमा छरिएको मकै खडेरीले सबैभन्दा बढी सोत्तर बनेको थियो । वि.सं. २०६८मा सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको हलेसी तुवाचुङ नगरपालिका क्षेत्रमा वि.सं. २०१८ र २०३४पछि २०७६ सालमा लामो समयसम्म खडेरी गएको स्थानीयवासीले बताएका छन् । खडेरीले मकैको विरुवा सुकेपछि कतिपय किसानले उखालेर गाईवस्तुलाई घाँस खुवाएका थिए भने कतिपय किसानले उखालेर बारीमै छाडेका थिए । मकैको बीऊ नै मासिएपछि नगरपालिकामा खाद्यान्न संकट निम्तिएको छ ।

उता, खोटेहाङ गाउँपालिकाले पनि यसअघि नै खडेरीपीडित किसानलाई ७५ प्रतिशत अनुदानमा ८०० केजी मकैको बीऊ वितरण गरेको थियो । काठमाडौँबाट रु. एक लाख २० हजारमा खरिद गरेर ल्याइएको मकैको बीऊ किसानलाई ७५ प्रतिशत अनुदानमा वितरण गरिएको गाउँपालिका प्रमुख प्रदीपकुमार राईले बताए ।

गाउँपालिकाले वडा नम्बर-३ सावाकटहरे, वडा नम्बर-७ खोटाङबजार तथा वडा नम्बर-९ लिच्कीराम्चेका किसानलाई मनोकामना-३ र देउती जातको मकैको बीऊ वितरण गरेको थियो । किसानलाई वितरण गरेको मकैको बीऊले डढुवा सहन सक्ने, ध्वाँसे लाग्न नदिने र घोगा नकुहिने गाउँपालिकाले दाबी गरेको  छ । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा गत वर्षको खडेरीले ठूलो क्षति गरेको थियो । पूर्वी पहाडी भेगमा पर्ने खोटाङ जिल्लामा खडेरीले अन्नबाली सखाप भएपछि अधिकांश स्थानीय तहमा भोकमरी शुरु भएको छ ।

गाउँमा भोकमरी शुरु भएपछि जिल्लाका अधिकांश युवापुस्ता दैनिक ज्यालादारी काम गर्न भारत गएका छन् । कोरोना भाइरसको महामारी भारतमा समेत फैलिएसँगै लकडाउन घोषणा गरिएपछि उनीहरु जिल्ला फर्कन पाएका छैनन् ।

# लकडाउनः विपन्नलाई राहतको सहारा

**मोरङ, बैशाख ३।** लकडाउनमा रोजगारी गुमाएका विपन्न परिवारलाई राहत वितरण गर्ने योजना अनुरुप मोरङका सबै स्थानीय तहले राहत वितरण गरिरहेका छन् ।

कतिपय स्थानीय तहले राहत वितरण गरिसकेका छन् भने कतिपयले राहत वितरण गरिरहेका छन् । धेरैजसो स्थानीय तहमा राजनीतिक दल र जनप्रतिनिधिमार्फत विपन्न परिवारलाई राहत वितरण भइरहेको रङ्गेली नगरपालिका प्रमुख दिलीप बगडियाले जानकारी दिए ।

कोरोना भाइरसको विश्वव्यापी महामारी फैलिरहेको अवस्थामा नेपालमा पनि त्यसको हुनसक्ने उच्च जोखिमलाई नियन्त्रण, रोकथाम एवम् उपचार गर्न सरकारले २०७६ चैत ११ गतेदेखि घोषणा गरेको थियो । लकडाउन घोषणाको २३औँ दिनसम्म आइपुग्दा राहत वितरण कार्यले तीव्रता पाएको हो । लकडाउनमा कसैले पनि घर बाहिर सामुहिक क्रियाकलाप गर्न नपाउने र एक आपसमा सामाजिक दूरी कायम गर्नुपर्ने नियममा बस्नुपर्दा सयौंको रोजगारी गुमेको छ । उनीहरुको दैनिक जीविकोपार्जनका लागि सरकारले राहत वितरण गर्ने घोषणा अनुरुप स्थानीय तहले त्यस्ता परिवारलाई पहिचान गरी राहत वितरण गर्न थालेका हुन् ।

मोरङमा १२ लाख २६ हजार ९७७ केजी चामल वितरण भइसकेको जिल्ला प्रहरी कार्यालयका नायब प्रहरी उपरीक्ष मानबहादुर राईले जानकारी दिए । उनका अनुसार वितरित राहत सामग्रीमा दाल एक लाख १५ हजार ९०२ केजी, आलु ६१ हजार ९०३ केजी, नून ८५ हजार २५ केजी, खानेतेल ४४ हजार ८९८ लिटर, साबुन ७५ हजार ९४१ वटा, चिउरा दुई हजार २५४ केजी, भुजा २१८ केजी, दूध तीन हजार ३७ लिटर, चना १२५ केजी, प्याज १३० केजी, चाउचाउ सात हजार १४० थान र खाना प्याकिङ ५५० वितरण भएको हो ।

समस्यामा परेका र रोजगारी गुमाएका गरिब एवं विपन्न परिवारलाई जीविका चलाउनका लागि तत्काल राहत वितरण गर्न स्थानीय तहले स्थापना गरेको राहत कोषमा विभिन्न दाता एवं समाजसेवीले पनि कोषमा रकम जम्मा गरेका छन् । सो कोषमा प्रदेश सरकारले महानगरपालिकालाई रु. २० लाख, उपमहानगरपालिकालाई रु. १५ लाख, नगरपालिकालाई रु. १० लाख र गाउँपालिकालाई रु पाँच लाख गरी एकमुष्ट रु. नौ करोड ५० लाख बजेट निकासा गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरले जनाएको छ ।

मोरङमा सबैभन्दा बढी विराटनगर महानगरपालिकामा २६ हजार २६८ घरधुरी र सबैभन्दा कम उर्लाबारी नगरपालिकामा २६३ घरधुरी राहत प्राप्त गर्ने परिवारमा परेका छन् । मोरङमा १७ स्थानीय तहमा ८५ हजार ८०६ घरधुरी राहत पाउने घरधुरीमा परेका छन् । प्रति परिवार रु. ९६३ मूल्य बराबरको राहत सामग्रीलाई हिसाब गर्दा कूल रु. आठ करोड २६ लाख ३१ हजार १७८ हुन्छ ।

विराटनगर महानगरपालिकाले स्थापना गरेको कोषमा महानगरपालिकाले रु. दुई करोड जम्मा गरेको सो कोषमा प्रदेश सरकारको रु. २० लाख र केही दाताबाट रकम जम्मा हुने क्रम जारी रहेको कोषका प्रमुख राजेन्द्र प्रधानले जानकारी दिए । उनले सो कोषमा महानगरपालिकाका प्रमुख भीम पराजुलीले एक वर्षमा प्राप्त गर्ने सेवा सुविधाका रकम, अधिकृत कर्मचारीले पाँच दिनको तलब र साना तहका कर्मचारीले तीन दिनको तलब जम्मा गरिदिएर कोषलाई बलियो बनाउने काम भएको जानकारी दिनुभयो । विराटनगर महानगरपालिकाले अहिलेसम्म रु. दुई करोड ५३ लाख ७४ हजार बराबरको राहत वितरण गरिसकेको जानकारी दिँदै पुनः वितरण गर्नुपर्ने भएमा प्रदेश सरकार र संघीय सरकारको आर्थिक सहयोग बिना गर्न सकिने अवस्था नरहेको कोषका अध्यक्ष प्रधानले बताए ।

रतुवामाई नगरपालिकाका प्रमुख रवीन राईले यस नगरपालिकामा पाँच हजार २५३ घरधुरी राहत पाउनेमा छन् । उनीहरुलाई राहत वितरण गर्ने तयारी रहेको प्रदेश सरकाले घोषणा गरेको राहत रकम प्राप्त नभएको जानकारी दिए ।

मोरङमा रङ्गेली नगरपालिकाले सात हजार ७५२, सुववर्षी गाउँपालिकाले दुई हजार ४९२, धनपाल थानले छ हजार ४२१, बेलबारी नगरपालिकाले तीन हजार १६०, सुन्दरहरैचा नगरपालिकाले चार हजार ८००, केराबारी गाउँपालिकाले एक हजार ५११, ग्रामथान गाउँपालिकाले दुई हजार ५४४, जहदा गाउँपालिकाले पाँच हजार ८१६, कटहरि गाउँपालिकाले चार हजार, बुढीगङ्गा गाउँपालिकाले छ हजार ३८३, लेटाङ गाउँपालिकाले दुई हजार १४१, पथरी शनिश्चरे नगरपालिकाले तीन हजार २२०, कानेपोखरी गाउँपालिकाले दुई हजार २२० र मिक्लाजुङ गाउँपालिकाले एक हजार ५४२ घरधुरी राहत प्राप्त गर्ने सूचीमा राखेका छन् ।

# ३००० भारतीय मजदुर घर फर्कने प्रतिक्षामा

**झापा, बैशाख ३।** झापाको इँटा उद्योगमा काम गरिरहेका तीन हजार भारतीय मजदुर बन्दाबन्दीका कारण घर फर्किन पाएका छैनन् । उनीहरु अहिले आफू कार्यरत इँटा उद्योगमै सतर्कता अपनाउँदै बसेका छन् ।

इँटा उद्योग संघका जिल्ला अध्यक्ष गुणराज थापाका अनुसार भारतको बिहार र पश्चिम बङ्गालबाट गत असोजमा आएका भारतीय मजदुर चैत अन्तिमतिर काम सकेर घर फर्किने तयारीमा थिए । लगातारको बन्दाबन्दीले उनीहरु घर जान पाएनन् । काम लगाउने उद्योगले नै सुरक्षित तवरले खानेबस्ने व्यवस्था मिलाइरहेको छ । झापामा २७ इँटा उद्योग सञ्चालनमा रहेकामा करिब १२ उद्योग बन्दाबन्दीका बेला पनि चालू छन् । पानी पर्न शुरु गरेसँगै इँटा बनाउने काम रोकिएको छ ।

कतिपय भारतीय मजदुर परिवारसहित छन् । तिनका बालबच्चासमेत उद्योगमै छन् । उद्योगले बनाइदिएको अस्थायी आवासमा उनीहरु आफैँ खाना पकाएर खान्छन् । उनीहरुलाई चामल, दाल, तेल, नुन र तरकारीलगायतका सामग्री उद्योगीहरुले आवासगृहमै पुऱ्याइदिने गरेका छन् । उनीहरुलाई घर पठाउने परिस्थिति नभएकाले हामीले नै खाने बस्ने सहज व्यवस्था मिलाएका छौँ- संघका अध्यक्ष थापाले भने- उद्योग परिसरबाट उनीहरुलाई बाहिर जान दिएका छैनौँ र बाहिरका मान्छेलाई भित्र पस्न रोक लगाएका छौँ ।

बन्दाबन्दीमा उद्योगभित्रै रहेका कामदारको नियमित स्वास्थ्य परीक्षण गरिएको गौरादह वडा नं. ८का वडाध्यक्षसमेत रहेका शिवशक्ति इँटा उद्योगका सञ्चालक सीताराम भट्टराईले बताए । उद्योगमा काम नभए पनि मजदुरलाई बिचल्ली नपारिने उनको भनाइ छ । उनीहरुलाई नियमित हात धुने साबुनपानी, मास्क र स्यानिटाइजरको समेत व्यवस्था गरिएको बताउँदै उनले इँटाभट्टामा काम गर्दा समेत सामाजिक दूरी कायम राख्न लगाइएको जानकारी दिए ।

हामीले खाने र बस्ने व्यवस्था गरे पनि उनीहरु खुशी छैनन्.- उनले भने- आफू सुरक्षित रहे पनि घरमा रहेका परिवार रोइरहेको अवस्था छ भन्दै बिलौना गर्छन् । कसरी सुरक्षित रूपमा उनीहरुलाई घर फर्काउने हो भन्नेबारेमा उद्योगीबीच छलफल भइरहेको छ ।

नेपाल इँटा उद्योग संघका केन्द्रीय सहसचिव जगन्नाथ खनालले नेपालका इँटा उद्योगमा रहेका भारतीय मजदुरलाई तन, मन र धनले सहयोग गरिरहेको बताए ।

## मस्जिदमा भारतीय लुकेपछि...

**उदयपुर, बैशाख ३।** उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-३ भुल्केस्थित मस्जिदमा लुकेर बसेको अवस्थामा १२ भारतीय इस्लाम नागरिकलाई मंगलबार प्रहरीले नियन्त्रणमा लिएर स्वाब परीक्षणको तयारी गरेको छ ।

उदयपुरका सहायक प्रमुख जिल्ला अधिकारी भीमप्रसाद भट्टराईका अनुसार भुल्केस्थित मस्जिदमा लुकेर केही भारतीय नागरिक बसेको सूचना आएपछि नियन्त्रणमा लिएर स्वाब परीक्षणको तयारी गरिएको भट्टराईले बताए । भुल्केका मनिर मियाँ केही महिनाअघि भारतको राजधानी दिल्लीस्थित निजामुद्दिन मस्कज मस्जिद धार्मिकसभामा भाग लिएर आएसँगै ती व्यक्ति पनि आएको स्थानीयवासी बताउँछन् ।

उदयपुरको त्रियुगा नगरपालिकाको गाईघाट जामे मस्जिदसहित त्रियुगा नगरपालिकाको देउरीसहितका विभिन्न मस्जिदमा समेत भारतीय नागरिक लुकेर बसेको हुनसक्ने आशङ्कामा प्रशासनले अनुसन्धान शुरु गरेको सहायक प्रजिअ भट्टराईले बताए ।

## फेसबुकमा स्टाट्स लेख्दा पक्राउ

**झापा, बैशाख ३।** सामाजिक सञ्जाल फेसबुकमा कोरोना भाइरसबारे भ्रम फैलाउने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । वीरेन्द्रनगर-८ कालुञ्चोक बस्ने धर्मराज आचार्यलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतले पक्राउ गरेको हो ।

प्रहरीले आचार्यलाई फेसबुकमा 'सुर्खेतमा पनि कोरोना देखियो पुष्टि हुन बाँकी' भन्ने स्टाट्स लेखेकाले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गोपाल रायमाझीले आचार्यलाई कारवाही गर्न अनुसन्धान प्रक्रिया अघि बढाइएको बताए ।

प्रहरीले 'लेकबेँसी नगरपालिका वडा नं. १मा एक जनामा कोरोना देखियो' भनेर फेसबुकमा पोष्ट गर्ने प्रेम विवश नामक प्रयोगकर्तालाई पनि खोजी गरिरहेको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालय सुर्खेतका ल्याब इञ्चार्ज ओम आचार्यले कर्णाली प्रदेशमा हालसम्म कोरोना सङ्क्रमण फेला नपरेको जानकारी दिए ।

## पेट्रोलियम पदार्थको अभाव

**झापा, बैशाख ३।** लकडाउनका कारण आपूर्ति सहज नहुँदा पूर्वी पहाडी जिल्ला पाँचथरमा पेट्रोलियम पदार्थको अभाव भएको छ ।

पेट्रोलियम पदार्थको समस्या भएपछि अत्यावश्यकीय कामका लागि प्रयोग हुने सवारी साधानसमेत सञ्चालनमा आउन नसक्दा सेवाग्राही मर्कामा परेका छन् । नेपाल आयल निगमको प्रदेश कार्यालय विराटनगरले इन्धन उपलब्ध नगराएको तथा लकडाउनका कारण ट्यांकर चालकले भारतबाट पेट्रोलियम पदार्थ ल्याउन नसकेपछि एक सातायता पेट्रोलियम पदार्थको अभाव भएको पेट्रोलपम्प सञ्चालक बताउँछन् ।

पेट्रोलियम पदार्थको मूल्य घटेकाले मूल्य बढाएर कालोबजारीमा बिक्री गर्न पेट्रोलियम पदार्थ लुकाइएको आशंका गरिएको छ । परिस्थिति सहज नहुञ्जेल सहज आपूर्ति गर्न नसक्ने पम्प सञ्चालक टोलेन्द्र तामाङले बताए ।

प्रमुख जिल्ला अधिकारी अर्जुनकुमार शर्माले पेट्रोलपम्प सञ्चालकलाई छलफलमा बोलाएर पेट्रोलियम पदार्थ ढुवानी सहज गराइने जनाए ।

## प्रदेश नं १ मा ६४१ जनाको रिपोर्ट नेगेटिभ

**विराटनगर, बैशाख ३।** प्रदेश नं. १मा कोरोना भाइरसका शङ्कास्पद बिरामीको मंगलबारसम्म गरिएको परीक्षणमा ६४१ जनाको रिपोर्ट नेगेटिभ आएको छ ।

थ्रोट स्वाब (पीसीआर) प्रविधि अन्तर्गत ४६ महिलासहित २५१ जनाको परीक्षण गरिएकामध्ये ४० महिलासहित २३९ जनाको रिपोर्ट नेगेटिभ आएको प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना डेस्कले जनाएको छ ।

थ्रोट स्वाब सङकलन गरेकामध्ये १२ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । यसैगरी यापिड डायग्नोष्टिक टेष्ट (आरडीटी) अन्तर्गत मङ्गलबारसम्म गरिएको परीक्षणमा ४०२ जनाको रिपोर्ट नेगेटिभ आएको छ । आरडिटी अन्तर्गत ५६ महिलासहित ४०२ को रगत परीक्षण गरिएको सूचना डेस्कले जनाएको छ । प्रदेशमा रहेको क्वारेन्टाइनमा आजसम्म बस्नेको संख्या ५३८ जना भएको छ । त्रिपन्न जना घर फर्केका छन् ।

# कोभिड-१९ नियन्त्रणमा २०१२ स्वयम्सेवी स्वास्थ्यकर्मी

**विराटनगर, बैशाख ३।** सरकारले कोभिड-१९को रोकथाम र नियन्त्रणमा स्वयम्सेवक जनशक्ति परिचालन गर्न विवरण संकलन गरिरहेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वयम्सेवक परिचालन गर्न चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. श्रीकृष्ण गिरीको संयोजकत्वमा मन्त्रालयका प्रमुख विशेषज्ञ डा. रोशन पोखरेल, मन्त्रालयका सहसचिव डा. गुणराज लोहनी र शिक्षा मन्त्रालयका दीपक शर्मा रहेको समितिसमेत गठन गरेको छ । समितिले विभिन्न मेडिकल कलेजमा अध्ययन गरेका स्वयम्सेवा गर्ने इच्छुक चिकित्सक र नर्सको विवरण तयार पारेको छ ।

अहिलेसम्म करिब स्वयम्सेवी गर्ने इच्छुक दुई हजार १२ स्वास्थ्यकर्मीको सूची समितिले तयार पारेको आयोगका उपाध्यक्ष डा. गिरीले जानकारी दिए । तीमध्ये ५२७ जना चिकित्सक र एक हजार ४८६ जना नर्स रहेका छन् । नोवेल मेडिकल कलेज बिराटनगरबाट सय जना, चितवन मेडिकल कलेज, कलेज अफ मेडिकल साइन्स भरतपुर, गण्डकी मेडिकल कलेज, नेपाल मेडिकल कलेज सिनामङ्गल, किष्ट मेडिकल कलेज, काठमाडौँ, मनिपाल मेडिकल कलेज पाल्पा, नेपाल मेडिकल कलेज काठमाडौँ, युनिभर्सल मेडिकल कलेज भैरहवा र नेपालगञ्ज मेडिकल कलेज नेपालगञ्जबाट ५० जनाका दरले चिकित्सक स्वयम्सेवी रुपमा परिचालन हुनेछ ।

यसैगरी नोवेल मेडिकल कलेज विराटनगर १५०, विराट मेडिकल कलेजबाट ११८, चितवन मेडिकल कलेज, कलेज अफ मेडिकल साइन्स भरतपुर, गण्डकी मेडिकल कलेजले पनि सय जनाका दरले नर्स खटाउने भएका छन् । ती स्वास्थ्यकर्मीलाई प्रभावित ठाउँमा खटाइने तयारी गरिएको आयोगका उपाध्यक्ष डा. गिरीले बताए ।

सरकारले विश्वव्यापी महामारी भएको कोभिड-१९ को रोकथाम गर्नका लागि जनशक्तिको सुनिश्चितताका लागि आवकाश प्राप्त र छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकलाई समेत परिचालन गर्ने निर्णय गरेको थियो । ती जनशक्तिलाई स्वयम्सेवी वा सेवा सुविधा दिएर कम्तीमा तीन महिनाका लागि खटाइनेछ । मन्त्रालयले निजी स्वास्थ्य संस्थाका चिकित्सकलाई पनि सरकारी सेवामा आउन चाहेमा कार्यरत पदमै मिलान गरी काममा खटाइने छ ।


कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराईंदैछ । चाडै सम्पर्क गर्नुहोला ।

Divine Int'l Acadamy (Dia)

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।




सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा

सम्पर्क राजकुमार श्रेष्ठ

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङ्कीबाट सफाई गरिन्छ ।

बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465

MBBS (BKPKHIS) Dharan

MD फिजिसियन (PGI, Chandigarh) India

DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२

पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०

९८४२६५५७००, ९८०४९३८१००,

९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

कर्मचारी आवश्यकता

सेक्यूरिटी गार्ड (महिला-पुरुष) १५ जना

Math/English Teacher: ४ जना

Math/Science Teacher: ४ जना

कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)

वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)

हाउस किपिङ : ६ जना (बिर्तामोड, इलाम)

क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)

घरमा काम गर्ने : ४ जना (महिला)

नेपाल जब्स केयर सर्भिस प्रा.लि.

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१

इलामः ०२७-५२०१४०/९८२६९२०००२

हिजोको सुनचाँदीको भाउ

छापावाला सुन : ७७,०००।-

तेजावी सुन : ७६,७००।-

असल चाँदी : ७२५।-

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७

९८०६०८३८७६, ९८६२६४८२८२

आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।

सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,

बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :

मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :

बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)

बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** चलअचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नोकरी तथा व्यवसायमा विशेष फाइदा होला । आफ्नै रुचिका विषयमा लगानी बढाउन सकिनेछ । वैदेशिक रोजगारीको अवसर आउला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ । दिगो फाइदा हुने योजना बन्न सक्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** आफूलाई धेरै लाभ नभए पनि सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम बन्न सक्छ । मान सम्मान वढ्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अवसरवादीहरूबाट सजग रहँदै गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । रोकिएका काम दोहोऱ्याउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ । न्यून उपलब्धिमा चित्त बुझाउन नसकिएला । चित्त बुझाउने प्रयत्न गर्नु होला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतीक्षित नतिजा प्राप्त गर्न काम दोहोऱ्याउनुपर्ने हुनसक्छ । केही विवादास्पद जिम्मेवारी पनि वहन गर्नुपर्ला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** घरेलु समस्यामा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । आमा तथा पत्निको सहयोग मिल्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ । चिताएका काममा योजना बनाएर प्रारम्भ गर्नुहोला ।